बैठक संख्या: ६४

आज मिति २०८२/१०/१४ गतेका दिन बिहान ८:०० बजे माडी नगरपालिकाको कार्यपालिकाको बैठक नगर प्रमुख श्री तारा कुमारी काजी महतोज्युको अध्यक्षतामा देहायको उपस्थितिमा तपसिल अनुसारका निर्णयहरु गरियो ।

उपस्थिती :

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | तारा कुमारी काजी महतो | नगर प्रमुख | |
| २ | खेम प्रसाद महतो | नगर उप-प्रमुख | |
| ३ | अमित कुमार लामा | वडा अध्यक्ष वडा नं.१ | |
| ४ | डण्डपाणी पौडेल | वडा अध्यक्ष वडा नं.२ | |
| ५ | पुरन महतो | वडा अध्यक्ष वडा नं.३ | |
| ६ | माधव प्रसाद चापागाइ | वडा अध्यक्ष वडा नं.४ | |
| ७ | गणेश प्रसाद विश्वकर्मा | वडा अध्यक्ष वडा नं.५ | |
| ८ | दीपेन्द्र राज पौडेल | वडा अध्यक्ष वडा नं.६ | |
| ९ | चन्द्र कुमारी बानियाँ | वडा अध्यक्ष वडा नं.७ | |
| १० | बीरेन्द्र बहादुर भण्डारी | वडा अध्यक्ष वडा नं.८ | |
| ११ | घनश्याम दवाडी | वडा अध्यक्ष वडा नं.९ | |
| १२ | रिचा सुनार | कार्यपलिका सदस्य | |
| १३ | सबिता महतो | कार्यपालिका सदस्य | |
| १४ | लक्ष्मी देवी भण्डारी | कार्यपालिका सदस्य | |
| १५ | सीता सुवेदी | कार्यपालिका सदस्य | |
| १६ | बिना थापा | कार्यपालिका सदस्य | |
| १७ | सन्तोष प्रसाद बोट | कार्यपालिका सदस्य | |
| १८ | कमल बहादुर भुजेल | कार्यपालिका सदस्य | |
| १९ | जगत प्रसाद भुसाल | प्रमुख प्रशासकीय अधिकृत | |

<u>६४ औं कार्यपालिका बैठकका निर्णयहरु</u>

**निर्णय नं.१.** माडी नगरपालिकाको ६३ औं कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो।

**निर्णय नं.२.** माडी नगरपालिकाको स्थानीय भु उपयोग परिषदवाट पेश भए बमोजिमको नगरभित्रका सम्पुर्ण जमिनहरुको भु-उपयोग वर्गिकरण विज्ञ परामर्शदाता बाट प्राप्त राय सुझावका आधारमा परिमार्जन गर्ने।

**निर्णय नं.३.** माडी नगरपालिकामा कृषि तथा पशुपंक्षी तथ्याङ्क अध्यावधिक कार्यक्रमको पहिलो चरण सञ्चालन गर्ने र कृषि शाखा मार्फत खटिने कर्मचारीहरुलाई यातायात खर्चबापत प्रति सूचिकरण रु. ३० प्रदान गर्ने।

निर्णय नं.४. माडी नगरपालिकाको वडा नं. ०२ स्थित गर्दि स्वास्थ्य चौकीको सेवा नवनिर्मित भवनवाट सुरुवात गर्ने र वडा नं. ०१ को कार्यालयलाई हालको गर्दि स्वास्थ्य चौकी रहेको भवनमा स्थानान्तरण गर्ने।

निर्णय नं.५. यस माडी नगरपालिका अन्तर्गतको नगरकार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु र बघौडा अस्पतालका कार्यरत करारमा रहेका र स्थायी पदपुर्ति भएका भन्दा वाहेकका कर्मचारीहरुको करार सम्झौता प्रमुख प्रशासकीय अधिकृत बाट पेश भए बमोजिम करार सम्झौता अवधि थप गर्ने।

निर्णय नं.६. माडी नगरपालिका वडा नं. ०५ स्थित क्रसर जाने बाटो ढिकुरवारी वाल विकास केन्द्रको बाटोको निर्माण कार्य मर्मत सम्भार कोषबाट खर्च गर्नेगरी यथासिघ्र सुरूवात गर्ने ।

निर्णय नं.७. यस नगरपालिकामा स्थायी पदपुर्ति नहुने तर संगठन संरचनामा रहेका र सामाजिक सुरक्षा कोषमा आवद्धता गर्न चाहने कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्धता गराउने ।

निर्णय नं.८. माडी नगरपालिका वडा नं. ०३ को कार्यालयवाट त्रुटिपुर्ण विवरण प्रविष्ट हुनगई दर्ता भएको दर्ता नं. १००००१४८ , जारी मिति २०७५।०२।०९ मा जारी सुखली पावेको छोरी अनु पावेको जन्मदर्ता वदर गर्न प्रमुख जिल्ला अधिकारी समक्ष सिफारिस गर्ने।

निर्णय नं.९. खोरेत रोग नियन्त्रण कार्यक्रमका लागि खोपकर्ता र स्वयमसेवकका लागि बजेट सीमाभित्र रहि प्रतिदिन रु. ५००।- ईन्धन खर्च उपलब्ध गराउने।

निर्णय नं.१०.जेनजी आन्दोलन पश्चात चितवन राष्ट्रिय निकुञ्जको सडक स्तरोन्नतिको क्रममा अतिरिक्त समय कार्य गर्दा सवारी चालक, कर्मचारी तथा अनुगमनकर्ता जनप्रतिनिधिहरुले खाएको चिया,खाजा,खाना लगायत देहाय बमोजिमको रकम सम्बन्धित पार्टिलाई भुक्तानी गर्ने ।

<u>देहाय:</u>

| | |
|---|---|
| १. रेट्रिका खाजा घर | रु.२,१५,९३७।- |
| २. तिमिल्सीना रेष्टुरेन्ट | रु.३६,२०२।- |
| ३. अंगित रेष्टुरेन्ट | रु.४२,१७५।- |
| जम्मा रकम रु. | रु.२,९४,३१४।-५० |

निर्णय नं. ११. वागमती प्रदेश सरकार अन्तर्गतको माडी नगरपालिकाका लागि लागत साझेदारीमा सूचना प्रविधिमा आधारित कृषि उपज केन्द्रको बजेट रकम रु. १ करोड ३० लाख वरावरको कार्य माडी नगरपालिकाको वडा नं ४ स्थित सिधुवामा निर्माण गर्ने निर्णय गरिएकोमा स्थान अभावको कारण सो केन्द्र माडी न.पा.३ बसन्तपुरमा निर्माण गर्ने ।

नगर कार्यपालिकाको कार्यालय
माडी नगरपालिका
बसन्तपुर,चितवन
बागमती प्रदेश,नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत

...रा कुमारी काजी महतो
नगर प्रमुख